**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०४ नोभेम्बर २०२३

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

1. उत्तराखंडमा आज बिहान अल्मोड़ामा भएको बस दुर्घटनामा 36 जनाको मृतु भएको छ भने अन्य 19 जना घाइते भएका छन् ।
2. पश्चिम बंगाल सरकारले आगामी शैक्षणिक सत्रदेखि थप 2335 प्राथमिक पाठशालाहरूमा पाँचौ कक्षाको पढ़ाई शुरू गर्ने निर्णय लिएको छ।
3. पश्चिम बंगालको सात जिल्लाहरुमा आतंकी नेटवर्क स्थापित गर्ने खतरनाक योजना लिएर आतंकी संगठन जमात-उल-मुजाहिदीन बांग्लादेश (जेएमबी) सक्रिय बनेको छ ।
4. आरजी कर अस्पताल काण्डमा महिला डाक्टरको बलात्कार अनि हत्याको मामिलामा मुख्य आरोपी सिविक भोलण्टियर विरुद्ध आज सियालदह अदालतमा चार्जशीट दर्ता गरिएको छ।
5. हिमालयन पर्वतारोहण संस्थान एचएमआई दार्जीलिङद्वारा आज ७० औं स्थापना दिवस पालन गरियो।

**उत्तराखंड दुर्घटना**

उत्तराखंडमा आज बिहान अल्मोड़ामा एक दुखद दुर्घटना घटेको छ जब कुपीमा एउटा बस भिरबाट झर्दा ३६ जनाको मृतु भएको छ भने अन्य १६ जना घाइते भएका छन्। बस गौलीखाल देखि रामनगर गैरहेको थियो जसमा ५५ यात्री सवार थिए। एसडीआरएफ, एनडीआरएफ, पुलिस अनि स्थानीय अधिकारिहरुको दल घटनास्थल पुगेर बचाव कार्यमा जुटेका छन् । प्रधानमंत्री नरेंद्र मोदी अनि उत्तराखंडका मुख्यमंत्री पुष्कर सिंह धामीले यस दुखद घटना प्रति गहिरो दुख व्यक्त गरेका छन्। प्रधानमंत्रीले दुर्घटनामा मृतु भएका प्रत्येक मृतकका परिजनहरुलाई प्रधानमंत्री राष्ट्रीय राहत कोषबाट २.२ लाख रुपियाँको अनुग्रह राशि दिने अनि घाइते भएकाहरुलाई पचास हजार रुपियाँ दिने घोषणा गर्नुभएको छ। मुख्यमंत्री धामीले मृतकका परिवारहरुलाई ४.४ लाख रुपियाँ अनि घाइते भएका हरुलाई १.१ लाख रुपियाँको आर्थिक सहायता दिने आदेश दिनुभएको छ।राष्ट्रपति द्रौपदी मुर्मू अनि केन्द्रिय गृहमन्त्री अमित शाहले आज उत्तराखण्डको अल्मोड़ामा भएको बस दुर्घटनामा शोक व्यक्त गरेका छन् र शोक संतप्त परिवारहरूप्रति समवेदना प्रकट गरेका छन्। राष्ट्रपतिले सोशल मीडिया एक्समा आफ्नो शोक सन्देश साझा गर्दै भन्नुभएको छ- अल्मोड़ा, उत्तराखण्डमा एक सड़क दुर्घटनामा महिलाहरू र नानीहरू सहित धेरैको मृत्युको समाचार हृदय विदारक हो। म शोक संतप्त परिवारहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछु तथा घाइते भएका मानिसहरू शीघ्र स्वस्थ हुने कामना गर्दछु। केन्द्रिय गृह मन्त्री अमित शाहले पनि अल्मोड़ा बस दुर्घटनामा शोक व्यक्त गर्दै एक्समा पोस्ट गरेर उत्तराखण्डको अल्मोड़ामा भएको बस दुर्घटनालाई अत्यन्त दुःखद बताउनुभएको छ। यस दुर्घटनामा आफ्नो जीवन गुमाउने मानिसहरूका परिजनहरूप्रति उहाले समवेदना व्यक्त गर्नुभएको छ।

****** ० ******

**पश्चिम बंगाल - प्राथमिक पाठशाला**

पश्चिम बंगाल सरकारले आगामी शैक्षणिक सत्रदेखि थप २३३५ प्राथमिक पाठशालाहरूमा पाँचौ कक्षाको पढ़ाई शुरू गर्ने निर्णय लिएको छ। एकजना अधिकारीले बताए अनुसार, यो निर्णय बाल-बालिकाको लागि निःशुल्क तथा अनिवार्य शिक्षा अधिकार अधिनियम अन्तर्गत लिइएको हो। अहिलेसम्ममा लगभग १८ हजार प्राथमिक स्कूलहरूमा कक्षा पाँच शुरू गरिसकिएको छ। अब यी २३३५ बिद्यालयहरूलाई निर्देश दिइएको छ कि उनीहरूले आवश्यक कदम उठाउन् ताकि आगामी वर्ष २०२५ को जनवरीदेखि पाँचौ कक्षाको संचालन गर्न सम्भव होस्। यस पाइलापछि पनि राज्य संचालित तथा राज्य सरकारद्वारा सहायताप्राप्त २८ हजार प्राथमिक स्कूलहरूमा पाँचौं कक्षाको सुविधा उपलब्ध हुनेछैन। आगामी दिनमा अन्य रहल स्कूलहरूमा पनि बिस्तारै कक्षा पाँचको पढ़ाई शुरू गरिने अधिकारीले बताएका छन्। उल्लेखनीय छ, पहिला प्राथमिक पाठशालाहरूमा कक्षा एकदेखि चारसम्मको मात्र पढ़ाई हुन्थ्यो तथा कक्षा पाँचलाई माध्यमिक शिक्षाको अंग मानिन्थ्यो।

****** ० ******

**पश्चिम बंगाल - आतंकी नेटवर्क**

पश्चिम बंगालको सात जिल्लाहरुमा आतंकी नेटवर्क स्थापित गर्ने खतरनाक योजना लिएर आतंकी संगठन जमात-उल-मुजाहिदीन बांग्लादेश (जेएमबी) सक्रिय बनेको छ। पाकिस्तानी खुफिया एजेंसी आईएसआई को सहयोगले जेएमबीले बंगालको धेरै गैर-मान्यता प्राप्त मदरसाहरुलाई निशाना बनाईरहेको छ। खुफिया एजेंसिहरुले चेतावनी दिएको छ कि यी स्थानहरुमा जेएमबी आतंकी मॉड्यूल तैयार भैरहेको छ अनि आफ्नो आतंकी नेटवर्कको विस्तार गरिरहेको छ। सुत्रहरु अनुसार, आईएसआईले बांग्लादेश स्थित जेएमबीका धेरै ठुला नेताहरुसित बैठक गरेर पश्चिम बंगाल अनि असमको सीमावर्ती इलाकाहरुमा आतंकिहरुको नेटवर्क बलियो बनाउने निर्देश दिएको छ। असममा बरपेटा, नलबाड़ी, धुबरी जिल्ला अनि पश्चिम बंगालमा मालदा, मुर्शिदाबाद अनि उत्तर दिनाजपुरलाई मुख्य निशाना बनान्दै छ। यी जिल्लाहरुमा पहिला पनि जेएमबीले आतंकी मॉड्यूल बनाएको थियो, जो अहिले सक्रिय छैन, तर जेएमबीलाई आतंकी मॉड्यूल पुनः सक्रिय गर्ने निर्देश प्राप्त भएको छ। प्राप्त खबरहरु अनुसार, आईएसआईको तर्फबाट जेएमबीका आतंकी सदस्यहरुलाई वित्तीय सहायता पनि दिईन्दैछ।

****** ० ******

**आरजी कर अस्पताल -चार्जशीट दर्ता**

आरजी कर अस्पताल काण्डमा महिला डाक्टरको बलात्कार अनि हत्याको मामिलामा मुख्य आरोपी सिविक भोलण्टियर विरुद्ध आज सियालदह अदालतमा चार्जशीट दर्ता गरिएको छ। यस मामिलामा न्यायिक प्रक्रिया शुरू हुनेछ। यस मामिलाको पहिलो चार्जशीट गत महिना सीबीआईले दर्ता गरेको थियो, जसमा मुख्य आरोपीको रूपमा सिविक भोलण्टियरको नाम दर्ता गरिएको थियो। यसका साथै प्रमाणहरूसँग छेड़छाड़को आरोपमा आरजी कर का पूर्व प्राचार्य सन्दीप घोष र टाला थानाका तत्कालीन प्रभारी अभिजीत मण्डलको नाम पनि सामेल थियो। यसै वर्षको 9 अगस्तमा आरजी कर अस्पतालको इमरजेन्सी विभागको चौथो तल्लास्थित सेमिनार हलमा महिला डाक्टरको शव भेटिईएको थियो। त्येही रात कोलकाता पुलिसले आरोपी सीवीक भोलण्टियरलाई पक्राउ गरेको थियो। यसपछि, मामिलाको जॉचको जिम्मा सीबीआईलाई सुम्पिएको थियो। 58 दिनपछि, गत 7 अक्टोबरमा सीबीआईले चार्जशीट दर्ता गरेको थियो, जसमा आरोपीलाई अपराधसित जोडिएका प्रमाणहरूको आधारमा दोषी ठहराइयो। जॉचमा आरोपी विरुद्ध कुल 11 प्रमाण प्राप्त भएको छ जसमा साक्षीहरूको बयान, भिडियो फुटेज, फोरेन्सिक र वैज्ञानिक रिपोर्ट सामेल छन्।

****** ० ******

**आर.जी. कर-शुभेंदु अधिकारी**

आर.जी. कर पीड़िता डॉक्टर अभयाका माता-पिताले आफ्नो चोरीको न्यायको लागि राज्यका विपक्षी दलका नेता शुभेंदु अधिकारीसित भेट गरेका छन्। आज अभयाका पिताले शुभेंदु अधिकारीसित अभयाको लागि न्यायको व्यवस्था गर्ने अनुरोध गरेका छन्। जवाबमा शुभेंदु अधिकारीले अभयाका माता-पितालाई आश्वासन दिदै- म तपाईहरुको साथमा छु भनेका छन्। जब सम्म तपाईहरुले न्याय पाउनुहुदैनए म तपाईहरुको साथमा रहने छु भनि उहाले अझ बताउनुभयो। यसभन्दा पुर्ब पीड़िताका माता-पिताले केंद्रीय गृह मंत्री अमित शाहलाई पत्र लेखेर मामलामा हस्तक्षेप गर्ने अनुरोध गरेका थिए अनि उहाँसित भेट गर्ने इच्छा पनि ब्येक्त गरेका थिए।

****** ० ******

**निजी सचिव- आरोप**

पूर्व केन्द्रिय मन्त्री निशीथ प्रामाणिकका निजी सचिव परिमल रायमाथि चुनाउमा टिकट दिलाउने एवं नोकरी दिने नाममा मानिसहरूसित ठगी गरेको गम्भीर आरोप लागेको छ। यस मामिलामा सिकायत दर्ता हुनसाथै मयनागुड़ी थानाको पुलिसले जाँच शुरू गरेको छ। यस मामिलाका सिकायतकर्ता विश्वनाथ शिल हुन् जसलाई क्षेत्रमा भाजपा नेताको रूपमा चिनिन्छ। उनी वर्ष २०१६.मा भाजपाको मण्डल अध्यक्ष समेत रहिसकेका छन्। निशीथ प्रामाणिकका निजी सचिव परिमल रायले उनलाई विधानसभा चुनाउमा उम्मेद्वार बनाउने वाचा गरेका आरोप छ। यस अतिरिक्त विश्वनाथ शिलका एकजना आफन्त सहित अन्य धेरैजनालाई पनि नोकरी दिलाइदिने आश्वासन दिएका थिए। यस बहानामा परिमल रायले उनीहरूबाट लाखौं रुपियाँ लिएको आरोप छ। केही वर्ष बितिसक्दा पनि न त कसैले नोकरी पाए न त दिइएको पैसा फिर्ता पाए। अन्ततः ठगिएको थाहा पाएर विश्वनाथ शिलले पुलिसको सहारा लिएका छन्।यस घटनाको पुष्टि गर्दै जलपाईगुड़ी पुलिस अधीक्षकले सिकायतको आधारमा मामिलाको जाँच भइरहेको बताएका छन्।

**एचएमआई**

हिमालयन पर्वतारोहण संस्थान एचएमआई दार्जीलिङ्गले ७० औं स्थापना दिवस आज पालन गर्यो। हिमालयन पर्वतारोहण संस्थान एचएमआई दार्जिलिङले प्रिन्सिपलए समूह क्याप्टेन जय किशनको नेतृत्वमा आफ्नो ७० औं स्थापना दिवस पालन गर्यो। संस्थानको शुरुवात तत्कालीन प्रिंसिपल मेजर एन.डी. जयलको नेतृत्वमा भएको थियो भने संस्थानका पहिलो फिल्ड प्रशिक्षण निर्देशक तेन्जिङ नोर्गे शेर्पाको मार्गदर्शनमा नोभेम्बर १९५४ मा भारतको पहिलो आधारभूत पर्वतारोहण पाठ्यक्रम शुरुवात गरिएको थियो । यी दुवै दिग्गजहरूले भारतमा पर्वतारोहणलाई बढावा दिन र समर्थन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। हिमालयन पर्वतारोहण संस्थान एचएमआईले आफ्नो ७० औं बर्ष पूर्ण गरेको गौरवशाली इतिहास लाई स्मरण गर्दै प्रिन्सिपल ग्रुप क्याप्टेन जय किशनले एचएमआईको दिगो रहेका पहलहरू गो ग्रीन गो क्लीन र सेभ सोयल कार्यक्रमहरूलाई हाइलाइट गरे जसले पर्यावरण संरक्षणप्रति संस्थानको प्रतिबद्धता झल्काउँछ।

****** ० ******

************